वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २३६ | २०८२ पुस २९ गते मंगलबार, नेपाल सम्वत् ११४६ January 13, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## विद्यार्थीको साँस्कृतिक नृत्य

तनहुँको भानु नगरपालिकाको डुम्रिखर्कस्थित कालिका माध्यमिक विद्यालयको सोमबार आयोजित ७१औं वार्षिकोत्सव समारोहमा साँस्कृतिक नृत्य प्रस्तुत गर्दै विद्यालयका छात्राहरू ।

*तस्विर : भञ्ज्याङ*

# कांग्रेसलाई युवापुस्ताले विश्वास गर्नसक्ने बनाउने महामन्त्री थापाको प्रस्ताव

रासस/काठमाडौं

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीलाई नवीनपुस्ताले विश्वास र भरोसा गर्नसक्ने गतिशील र आधुनिक लोकतान्त्रिक शक्ति बनाउने संकल्पसहितको समसामयिक राजनीतिक प्रस्ताव पेस गर्नुभएको छ । पार्टीका महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको अगुवाइमा आइतबारदेखि राजधानीमा जारी दोस्रो दिनको विशेष महाविधेशनको बन्दसत्रमा आज प्रस्तुत सो प्रस्तावमा थापाले विशेष केन्द्रीय महाधिवेशनबाट सुनौलो भविष्यतिर उन्मुख, स्पष्ट मार्गदर्शन, व्यवस्थापनमा अब्बल पार्टी निर्माण गर्ने उल्लेख गर्नुभएको छ ।

"कांग्रेसलाई २००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६२/६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको पार्टी बनाउनेछौँ", महामन्त्री थापाद्वारा प्रस्तुत प्रस्तावमा भनिएको छ ।

महामन्त्री थापाले पार्टीको नेतृत्वमा ऐतिहासिक संविधासभा मार्फत बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्मलाई गम्भीरतापूर्वक आत्मसात गर्दै संविधानको समयानुकूल उदार र प्रगतिशील परिवर्तन आजको आवश्यकता भएको बताउनुभयो । उहाँले संविधानको गतिशील कार्यान्वयनबाट मुलुकको राजनीतिलाई सही बाटोमा ल्याउनु र समुन्ततितर्फ डोहोऱ्याउनु आजको मुख्य राष्ट्रिय जिम्मेवारी भएको उल्लेख गर्नुभयो ।

"आज देशको राजनीतिक गतिप्रति जनतालाई आशा र विश्वासको उत्साहजनक सन्देश प्रवाह गर्दै समुन्नत नेपाल निर्माणको अग्रणी शक्ति बनाउने घडी आएको छ", प्रस्तावमा थापाले भन्नुभएको छ, "यही ऐतिहासिक राष्ट्रिय दायित्वको सङ्कल्पसहित यो विशेष परिस्थितिमा विशेष महाविधशेन आयोजना गरिएको हो ।"

राजनीतिक प्रस्तावमा महामन्त्री थापाले जेनजी प्रदर्शनपछिको अवस्थामा विशेष महाधिवशेनको



आवश्यकता, विशेष महाधिवेशनको वैधानिक प्रावधान, नेपाली कांग्रेसको ऐतिहासिक परम्परा, आजको परिदृश्य र नेपाली कांग्रेसलगायत समसामयिक राजनीतिक प्रस्ताव र विशेष महाविधेशनको नीतिगत संकल्प समेट्नुभएको छ ।

महामन्त्री थापाले देश र पार्टीका लागि असाधारण परिस्थितिमा हुन गइरहेको विशेष महाधिवेशनले पार्टीलाई राजनीतिक शक्तिका रूपमा मात्रै सीमित नभई लोकतन्त्रप्रति पूर्ण निष्ठावान, समाजप्रति प्रतिबद्ध, जनताप्रति उत्तरदायी र स्थापनाकालीन जनमुखी आदर्शमा कृतसङ्कल्पित समुन्नत नेपालको नेतृत्वदायी र विश्वासयोग्य शक्तिका रूपमा पुनः स्थापित गर्ने बताउनुभएको छ ।

राजनीतिक प्रस्तावमा पार्टीभित्र र बाहिरका आमकांग्रेसजनमा देखिएको उदासिनताको बादललाई हटाउँदै नवीन ऊर्जा, उत्साह, एकता र रूपान्तरणसहित समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर अघि बढ्न १७ बुँदे विशेष संकल्प समेटिएको छ ।

प्रस्तावमा भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन र सुशासनका लागि प्रभावकारी कानुन निर्माण र कानुनको कार्यान्वयन, संस्था र निकायहरूको कार्यक्षमता अभिवृद्धि, कार्यविधि सरलीकरण र सुदृढीकरण गर्दै समग्र प्रशासनिक प्रणालीलाई पारदर्शी, चुस्त र जनउत्तरदायी बनाउने सङ्कल्प गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "निषेधको राजनीति नगर्न, संयमता अपनाउन तथा संवादमार्फत निकास खोज्न सम्बन्धित सबै पक्षलाई आह्वान गर्दै भयरहित निर्वाचनको पक्षमा आफ्नो दृढता प्रकट गर्दछ ।" विगतको कमजोरी र त्रुटीबाट पाठ सिकेर आगामी दिनमा राष्ट्रिय हित एवं लोकतान्त्रिक मूल्य मान्यताप्रति अविचलित रहने प्रतिबद्धता व्यक्त गर्दै प्रस्तावमा जनभावनाअनुसार निष्ठा र सेवाको राजनीतिमा समर्पित रहने दृढ संकल्प गरिएको छ ।

योग्यता, क्षमतामार्फत नयाँ ऊर्जा र प्राण भर्दै 'निरन्तरतामा नवीनता'को मान्यताअनुरूप कांग्रेसलाई आजको समयको चेतअनुसारको अब्बल, गतिशील र आधुनिक संगठन बनाउने संकल्प गरिएको छ। पार्टीका सिद्धान्त, विचार र नीतिलाई जनताको भावनाअनुसार अद्यावधिक, परिमार्जन, व्याख्या तथा पुन:व्याख्या गरी सैद्धान्तिक-वैचारिक रूपान्तरण गर्न आवश्यक भएको प्रस्तावमा उल्लेख छ ।

विसं २०८० फागुनमा गोदावारीमा सम्पन्न महासमिति बैठकबाट पारित 'निर्वाचन अगाडिको गठबन्धन'सम्बन्धी नीतिको स्मरण गर्दै प्रस्तावमा भविष्यमा हुने आवधिक निर्वाचनमा निर्वाचनपूर्व गठबन्धन (प्रि-इलेक्सन एलाइन्स) नगरिने प्रतिबद्धता जनाइएको छ। "हामी आफ्नै जनता र पार्टीको शक्तिको आधारमा एक्लै लड्नेछौँ, आफ्ना मतदातालाई चुनाव चिह्न 'रूख' मा मात्रै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौँ", प्रस्तावमा भनिएको छ ।

प्रस्तावमा भ्रष्टाचारको आरोप लागेका नेता र सदस्यलाई आरोप लागेको मितिदेखि पदबाट स्वत: निलम्बन, कुनै पनि खालको भागबण्डामा भाग नलिने, राज्यका संस्थालाई दलीयकरणबाट मुक्त

*बाँकी तेश्रो पेजमा*

# देवघाटमा पुस्तकालय भवन निर्माण

भञ्ज्याङ समाचारदाता/देवघाट

तनहुँको देवघाट गाउँपालिका-५ मा पुस्ताकालय भवन निर्माण गरिएको छ । करिब एक करोड रूपैयाँको लागतमा देवघाट सार्वजनिक पुस्तकालयको नयाँ भवन निर्माण सम्पन्न गरिएको हो । पुरानो भवन जीर्ण भई पुस्तकहरूमा ठूलो क्षति पुगेपछि नयाँ भवन निर्माण कार्य अगाडि बढाइएको थियो । निर्माण समितिका संयोजक शिवराज पौडेलले जानकारी दिए।

उनका अनुसार भवन निर्माण सम्पन्न भए पनि व्यवस्थापकीय कामहरु अझै बाँकी छ । देवघाट गाउँपालिका, गण्डकी प्रदेश सरकार, देवघाट-५ वडा कार्यालय, देवघाट क्षेत्र विकास समिति, विद्यापीठ, समुदायमा आधारित संघसंस्था, आश्रम, शिक्षाप्रेमी, उद्योगी, व्यवसायी तथा सर्वसाधारण



पुरानो भवनमा धमिराले पुस्तकहरु नष्ट गर्न थालेपछि पछिल्ला तीन वर्षदेखि नेपाल रेडक्रस सोसाइटी, देवघाटको भवनमा अस्थायी रूपमा पुस्तकालय व्यवस्थापन हुँदै आएको थियो ।

बहुमूल्य तथा दुर्लभ पुस्तकको संरक्षण गर्न कठिनाइ भइरहेको अवस्थामा नयाँ भवन निर्माणले राहत मिलेको पुस्तकालय भवन दाताहरूको आर्थिक सहयोगमा नयाँ पुस्तकालय भवन निर्माण गरिएको पौडेलले जानकारी दिए ।

हाल पुस्तकालयमा दश हजारभन्दा बढी पुस्तक छन् । जसमध्ये करिब ३५ प्रतिशत धार्मिक तथा आध्यात्मिक पुस्तक र बाँकी साहित्य, बालशिक्षा, दर्शनशास्त्र लगायत विभिन्न विधाका पुस्तक रहेको बताइएको छ ।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**

**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पहिचान र प्रवर्द्धनको पर्खाइ

वाइसे–चौविसे राज्यका पालादेखि कोटहरूले तत्कालीन शासकहरूको राजनीतिक, प्रशासनिक र सैनिक गतिविधिलाई आश्रय दिएका थिए । यहीकारण नेपालका अधिकांश पहाडका टाकुरा र चुचुरोहरूमा आज पनि थुप्रै कोट र गढीहरु भेटिन्छन्। इतिहासका ती गौरवपूर्ण स्मृतिहरूसँगै आज यी कोटहरु हाम्रो सांस्कृतिक सम्पदा र प्राकृतिक धरोहरको रूपमा उभिएका छन्। यस्तै महत्वपूर्ण कोटमध्ये तनहुँ जिल्लाको व्यास नगरपालिका–६ मा रहेको गलेखामकोट हो। ऐतिहासिक गाथा, धार्मिक आस्था र प्राकृतिक सुन्दरताको त्रिवेणी बनेको गलेखामकोट सम्भावनाले भरिपूर्ण भए पनि अझैसम्म पर्याप्त पहिचान र प्रवर्द्धनबाट वञ्चित छ। गलेखामकोट व्यास–५ को कन्टार हुँदै पुगिने स्थान हो, जुन सदरमुकाम दमौलीदेखि मात्र १५ किलोमिटरको दूरीमा पर्छ। दूरीमा नजिक भए पनि यो स्थान लामो समयसम्म प्रचारप्रसार र पूर्वाधार निर्माणको अभावले ओझेलमै रह्यो। स्थानीय बासिन्दाले भने पछिल्ला वर्षहरूमा यसलाई ऐतिहासिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयास सुरू गरेका छन्। कुनै समय मगर जातिका राजाले शासन गरेको गलेखामकोटको अन्तिम राजा चक्रधर राना भएको बताइन्छ। इतिहासका पानामा अंकित त्यही कथा यस स्थानलाई अझ विशेष बनाउँछ।

गलेखामकोटलाई घेरिएको किंवदन्तीले नेपालको एकीकरण प्रक्रियाको पनि झलक दिन्छ। भनिन्छ, यहाँका तत्कालीन मगर राजाले तनहुँका सेनवंशीय शासकसँग आत्मसमर्पण गरेका थिए, जसपछि सेनवंशले गोरखाका शाह वंशसँग आत्मसमर्पण गरेको इतिहास जोडिन्छ। यसरी हेर्दा, गलेखामकोट नेपाल राज्य निर्माणको ऐतिहासिक यात्रामा एउटा महत्वपूर्ण कडीका रूपमा उभिन्छ। इतिहाससँगै गलेखामकोट प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण छ। समुद्र सतहबाट २,२०७ मिटर उचाइमा अवस्थित यो स्थान तनहुँको तेस्रो अग्लो पहाड मानिन्छ। यहाँबाट दमौली बजार, शुक्लागण्डकीको थप्रेक, व्यास नगरपालिकाको कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुईपिप्ले लगायतका गाउँ तथा कास्की जिल्लास्थित फेवाताल, बेगनासताल र आसपासको रमणीय दृश्य स्पष्ट देखिन्छ। हिमशृंखलाको तेस्रो नेत्रझैं उभिएको माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण र मनास्लु शृंखला यहाँबाट झनै नजिक देखिन्छन्। यी प्राकृतिक सम्पदाले गलेखामकोटलाई ग्रामीण पर्यटनको भरपूर सम्भावनायुक्त गन्तव्य बनाएका छन्। तर, यसका लागि व्यवस्थित योजना र लगानी आवश्यक छ। अहिले शनिबार र सार्वजनिक बिदाका दिन केही आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन्। तर, आवश्यक प्रचारप्रसार र पूर्वाधार विकास नहुँदा यो गन्तव्य अझै पनि व्यापक चिनिन सकेको छैन।

गलेखामकोटलाई धार्मिक गन्तव्यका रूपमा पनि विकास गर्न सकिन्छ। यहाँ रहेको कोटभैरव मन्दिर स्थानीय आस्थाको केन्द्र हो। प्रत्येक वर्ष बडादसैंको नवमीका दिन यस मन्दिरमा विशेष पूजाआजा र पञ्चबलिको प्रचलन छ। यस मन्दिरमा राना जातिका व्यक्तिहरु पूजारी र ब्राह्मण पुरोहितको रूपमा सेवा गर्दै आएका छन्। धार्मिक परम्परा र सांस्कृतिक अभ्याससँगै यस स्थानलाई धार्मिक पर्यटनसँग जोड्न सकिने सम्भावना उच्च छ। त्यस्तै, ऐतिहासिक कालमा प्रयोग गरिएका हतियारहरु अझै सुरक्षित रूपमा गलेखामकोटमा राखिएका छन्। यी धरोहरलाई व्यवस्थित संरक्षण र प्रदर्शनीमार्फत पर्यटक आकर्षणको माध्यम बनाउन सकिन्छ। गलेखामकोटलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने प्रयासमा २०७६ सालमा १६ लाख ५० हजार रूपैयाँ लागतमा तीनतले भ्यू टावर निर्माण गरिएको छ। यस दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्य अवलोकन गर्न सक्ने सुविधा छ। भ्यू टावरले यो गन्तव्यको पहिचानमा थप योगदान गरे पनि पर्याप्त प्रचारप्रसार नहुँदा यसको उपयोग अझै सिमित छ । नगरपालिकाले गलेखामकोटलाई प्रवर्द्धन गर्ने योजना बनाएको छ, तर त्यो योजनाले व्यवहारिक रूप लिन अझै समय लागेको छ। स्थानीयवासी भने विकासमा सरकारी सक्रियता र दीर्घकालीन योजना आवश्यक भएको आवाज उठाइरहेका छन्।

गलेखामकोट तनहुँकै नभई गण्डकी प्रदेशकै एउटा उत्कृष्ट पर्यटकीय सम्भावना बोकेको गन्तव्य हो। तर, यसलाई व्यवस्थित विकास गर्नुपर्ने चुनौती स्पष्ट छ। यातायात सहजता, बस्ने व्यवस्थाको अभाव, प्रचारप्रसारमा कमजोरी, ऐतिहासिक तथ्याङ्कको संकलन र संरक्षणमा कमीजस्ता समस्या समाधान नगरेसम्म यो क्षेत्रले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सक्दैन। यस गन्तव्यलाई प्रभावकारी बनाउन नगरपालिकासँगै प्रदेश सरकार र संघीय सरकारको समन्वित प्रयास अपरिहार्य छ। गण्डकी प्रदेशले पर्यटन प्रवर्द्धनमा ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदालाई प्राथमिकतामा राख्ने नीति लिएको भए पनि गलेखामकोटजस्ता ओझेलमा परेका गन्तव्यमा पर्याप्त ध्यान दिन सकेको छैन । गलेखामकोट इतिहास, संस्कृति र प्रकृतिको अनुपम धरोहर हो। यहाँको विकासले तनहुँ मात्र होइन, समग्र गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्न सक्छ। यसका लागि स्थानीय, प्रदेश र संघीय तहबीच सहकार्य र दीर्घकालीन रणनीति अपरिहार्य छ।

# माघ्या सकराटी पर्व: मगर समुदायको सांस्कृतिक, ऐतिहासिक र सामाजिक अध्ययन


**सार: (Abstract)**

माघ्या सकराटी पर्व नेपालका आदिवासी–मूलवासी समुदायहरूमध्ये विशेषत: मगर समुदायको मौलिक, ऐतिहासिक तथा जीवनदर्शनसँग गहिरो रूपमा सम्बन्ध गाँसिएको महत्वपूर्ण सांस्कृतिक पर्व हो। सूर्य मकर राशिमा प्रवेश गर्ने यस दिनलाई समयचक्रको नयाँ मोड, ऋतु परिवर्तन तथा सामाजिक–आध्यात्मिक पुनर्जागरणको प्रतीकका रूपमा लिइन्छ। यस पर्वले प्रकृति, पितृपूजा, सामाजिक संरचना र आर्थिक व्यवहारबीचको अन्तरसम्बन्धलाई स्पष्ट रूपमा उजागर गर्दछ ।

यस शोधपत्रको उद्देश्य माघ्या सकराटी पर्वको उत्पत्ति र ऐतिहासिक निरन्तरता, यसको सांस्कृतिक अर्थ, धार्मिक–आध्यात्मिक पक्ष, सामाजिक अभ्यास तथा समकालीन परिवेशमा आएको रूपान्तरणको विश्लेषण गर्नु हो । साथै, मगर समुदायको सामूहिक स्मृति, सामाजिक एकता र सांस्कृतिक पहिचान निर्माणमा यस पर्वले खेलेको भूमिकालाई उजागर गर्नु पनि यस अध्ययनको प्रमुख लक्ष्य हो ।




माघ्या सकराटी पर्व मगर समुदायको सांस्कृतिक पहिचान, सामाजिक एकता र ऐतिहासिक चेतनाको सशक्त आधारका रूपमा स्थापित रहेको छ। यस पर्वले समयचक्र, प्रकृति, पितृ, समाज र अर्थ तन्त्रलाई एउटै सांस्कृतिक सूत्रमा बाँध्दछ । आधुनिक परिवर्तन र वैश्वीकरणका बीच पनि माघ्या सकराटीले बोकेको मौलिक दर्शन र मूल्य संरक्षण गर्न सकेमा यो पर्व भावी पुस्ताका लागि जीवनदर्शन, सामाजिक चेतना र सांस्कृतिक निरन्तरताको महत्वपूर्ण स्रोत बन्नेछ ।

खडक पामी आले मगर

### १. परिचय

माघ्या सकराटी प्राचीन कालदेखि मौखिक परम्परामार्फत पुस्ता–पुस्तामा हस्तान्तरण हुँदै आएको पर्व हो। लिखित इतिहासभन्दा धेरै अघि मगरात क्षेत्रका बासिन्दाहरूले सूर्यको गति, ऋतु परिवर्तन र कृषि चक्रलाई आधार मानी समय निर्धारण गर्ने अभ्यास गरेका थिए। यही प्राकृतिक समयबोध र जीवनचक्रको निरन्तरताबाट माघ्या सकराटी पर्वको विकास भएको मानिन्छ।

मगर समुदाय मूलत: प्रकृतिसँग सहअस्तित्वमा आधारित जीवनशैली अपनाउने समुदाय भएकाले उनीहरूको पर्व, संस्कार र विश्वास प्रणाली पनि प्रकृति–केन्द्रित छन्। माघ्या सकराटी यसै परम्पराको एक महत्वपूर्ण कडी हो, जसले मानिस, समाज र प्रकृतिबीचको सन्तुलनलाई सांस्कृतिक रूपमा अभिव्यक्त गर्दछ। मगर समुदायमा यस पर्वलाई कतै नयाँ वर्षको आरम्भ, कतै पितृपूजाको मुख्य दिन, त कतै चेलीबेटी सम्मान र सामाजिक पुनर्मिलनको अवसरका रूपमा मनाइन्छ। यस विविध अर्थ–व्याख्याले माघ्या सकराटीलाई बहुआयामिक र जीवनसँग प्रत्यक्ष जोडिएको सांस्कृतिक पर्वका रूपमा स्थापित गरेको छ।

### २. ऐतिहासिक पृष्ठभूमि र उत्पत्ति

माघ्या सकराटीको उत्पत्तिबारे कुनै एकल लिखित ऐतिहासिक स्रोत उपलब्ध नभए पनि यसको जरा सूर्यपूजा, ऋतुचक्र र कृषि सभ्यतासँग जोडिएको देखिन्छ। सूर्य उत्तरायण हुने यो समय खेतीपातीको एक चरण समाप्त भई अर्को चरणको तयारी सुरू हुने कालखण्ड हो। मगर समुदायमा यस अवस्थालाई "पुरानो समयको बिदाइ र नयाँ समयको स्वागत" का रूपमा लिइन्छ । इतिहासकार तथा मानवशास्त्रीहरूका अनुसार मगर समाजमा समयको गणना धार्मिक अनुष्ठानभन्दा बढी व्यावहारिक र प्राकृतिक आधारमा हुँदै आएको थियो । त्यसैले माघ्या सकराटी पर्व कुनै एक धर्मविशेषको सीमाभित्र सीमित नभई समुदायको सामूहिक जीवनपद्धति, कृषि अभ्यास र प्राकृतिक चक्रसँग गाँसिएर विकसित भएको पर्व हो ।

### ३. विधि, संस्कार र धार्मिक–आध्यात्मिक आयाम

माघ्या सकराटी आउनु भन्दा अगाडि नै घर–आँगन लिपपोत गर्ने परम्परा रहेको छ। यस कार्यलाई केवल सरसफाइको अभ्यास मात्र नभई भौतिक तथा आध्यात्मिक शुद्धताको प्रतीकका रूपमा बुझिन्छ । पर्वको मुख्य दिन दिवंगत पितृको नाममा तर्पण दिइन्छ र "डी डाके" जस्ता मौलिक विधिबाट पितृपूजा गरिन्छ।

पितृपूजाले पुर्खाप्रतिको सम्मान, कृतज्ञता र वंशीय निरन्तरताको भावलाई सशक्त रूपमा अभिव्यक्त गर्दछ। मगर समुदायमा पुर्खालाई केवल अतीतका मानिसका रूपमा नभई वर्तमान र भविष्यलाई मार्गदर्शन गर्ने अदृश्य शक्ति मानिन्छ। यस अर्थमा माघ्या सकराटी पितृ र जीवित सन्तान बीचको आध्यात्मिक सम्बन्ध नवीकरण गर्ने महत्वपूर्ण अवसर हो ।

### ४. खानपान, प्रकृति र पर्यावरणीय चेतना

माघ्या सकराटी पर्वमा खानपान विशेष महत्वका साथ जोडिएको छ । वनबाट संकलन गरिएका कन्दमूल, तरूल, सखरखण्ड, गिठा, भ्याकुर जस्ता प्राकृतिक परिकारको प्रयोग गरिन्छ । यसले मगर समुदायको जीवनशैली प्रकृतिसँग कति घनिष्ठ थियो भन्ने कुरा स्पष्ट पार्दछ ।

यी परिकारहरु केवल भोजनका साधन मात्र नभई प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने सांस्कृतिक माध्यम पनि हुन्। आजको सन्दर्भमा यस पक्षले पर्यावरणीय चेतना, दिगो जीवनशैली र स्थानीय स्रोतको महत्वबारे महत्वपूर्ण सन्देश प्रदान गर्दछ। मानव जीवन प्रकृतिबाट अलग हुन नसक्ने यथार्थलाई माघ्या सकराटी पर्वले सांस्कृतिक रूपमा पुन: पुष्टि गर्दछ ।

### ५. सामाजिक सम्बन्ध, चेलीबेटी सम्मान र सामूहिकता

माघ्या सकराटी सामाजिक पुनर्मिलन र सामूहिकताको पर्व पनि हो। चेलीबेटी तथा टाढा–टाढाका नाता–कुटुम्बलाई घरमा बोलाई भोजन गराउने चलन व्यापक रूपमा प्रचलित छ। घरका कन्या छोरीको पूजा गर्ने परम्पराले नारी सम्मान, मातृत्व र वंशीय निरन्तरताको मूल्यलाई संस्थागत गर्दछ। पुरानो मिथक र जनविश्वासअनुसार माघ्या सकराटी पर्व "अब भेट हुन्छ कि हुँदैन" भन्ने भावनासँग जोडिएको मानिन्छ। बर्खा लागेपछि रोगव्याधि, बाढीपहिरो तथा खोला–नालाको जोखिम बढ्ने भएकाले यो पर्वलाई जीवन–मरणको अनिश्चितताबीच आफन्तसँग भेटघाट, मेलमिलाप र आत्मीयता साटासाट गर्ने अवसरका रूपमा मनाइन्थ्यो। यसले मगर समाजमा पारिवारिक र सामाजिक सम्बन्धको गहिरो महत्वलाई उजागर गर्दछ।

### ६. आर्थिक व्यवहार र नयाँ वर्षको संकेत

माघ्या सकराटी पर्वसँग आर्थिक व्यवहार पनि प्रत्यक्ष रूपमा जोडिएको देखिन्छ। ढाक–तुलो, नाप–तौल र मूल्य निर्धारण गर्ने अभ्यास आगामी वर्षको आर्थिक योजना र व्यवस्थापनसँग सम्बन्धित छ। यसले मगर समुदायमा पर्व केवल धार्मिक वा सांस्कृतिक मात्र नभई व्यावहारिक जीवनसँग पनि घनिष्ठ रूपमा जोडिएको थियो भन्ने कुरा स्पष्ट पार्दछ। नयाँ वर्षको आरम्भका रूपमा माघ्या सकराटीलाई मान्नुको अर्थ पुराना हिसाब–किताब समाप्त गरी नयाँ आर्थिक चक्र सुरू गर्नु पनि हो।

### ७. समकालीन अभ्यास र रूपान्तरण

पछिल्लो करिब दुई दशकयता विभिन्न संघ–संस्था तथा समुदायगत समूहहरूले औपचारिक कार्यक्रम, सांस्कृतिक प्रदर्शन, सेमिनार तथा सामूहिक भेलामार्फत माघ्या सकराटी मनाउने परम्परा विकास गरेका छन्। यसले पर्वलाई सार्वजनिक र संस्थागत स्वरूप प्रदान गरेको छ। यद्यपि

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ काममा हात हाल्ने समय उपयुक्त छ। आत्मबल बढ्नेछ। स्वास्थ्यमा सामान्य सुधार हुनेछ।

**वृष**
वचनमा संयम अपनाउनुहोस्, सानो विषयले विवाद निम्त्याउन सक्छ। धन खर्च बढ्ने सम्भावना छ।

**मिथुन**
सहयोगी मनोवृत्तिका व्यक्तिसँग मित्रता बढ्नेछ। पारिवारिक सुख मिल्नेछ। आर्थिक लाभका संकेत देखिन्छन्।

**कर्कट**
अल्प प्रयासले ठूलो सफलता मिल्नेछ। नयाँ स्रोतबाट आम्दानी हुनसक्छ। यत्रातर्फ आकषर्ण बढ्नेछ।

**सिंह**
आत्मविश्वास कमजोर हुन सक्छ, तर धैर्य राख्दा समस्या समाधान हुने देखिन्छ। प्रेम सम्बन्धमा चिसोपन आउन सक्छ।

**कन्य**
काममा सफलता मिल्नेछ। पुराना अप्ठ्यारा हट्नेछन्। प्रेम सम्बन्ध बलियो बन्नेछ। नयाँ योजना कार्यान्वयन गर्न सकिनेछ।

**तुला**
मानसिक तनाव रहला, तर दाजुभाइ वा साथीसँग सहयोग मिल्नेछ। अप्रत्याशित खर्च बढ्नसक्छ।

**वृश्चिक**
बौद्धिक काममा सफलता मिल्नेछ। शुभ समाचार प्राप्त हुनसक्छ। काममा नयाँ अवसर हात लाग्नेछ।

**धनु**
कामको बोझ थोरै बढ्न सक्छ, तर अन्त्यमा सफलता मिल्नेछ। अनुशासित जीवनशैली अपनाउनु हितकर हुनेछ।

**मकर**
सञ्चारको प्रभावशाली प्रयोगले लाभ मिल्नेछ। मानसम्मानमा वृद्धि हुनेछ। तर नजिकका व्यक्तिसँग वैचारिक मतभेद हुन सक्छ।

**कुम्भ**
समय मध्यम छ, खासगरी स्वास्थ्यप्रति सजग रहनु पर्नेछ। साना कुरामा तनाव नलिनुहोस्।

**मीन**
बौद्धिक क्रियाकलापमा रूचि बढ्नेछ। सृजनात्मक क्षेत्रमा सफलता मिल्नेछ। साझेदारीमा काम गर्नु फाइदाजनक हुनेछ।

# सडक नभएको गोरखाको छेकम्पारमा गुड्छन् स्कुटर र ट्र्याक्टर

**प्रतीक्षा आले/गोरखा**

केही दिनका लागि चीन सरकारले छेकम्पारमा पर्ने मुलाढाज्यान नाका खुल्ला गर्‍यो । एक वर्षदेखि बन्द रहेको नाका खुल्ला हुनासाथ छेकम्पारका बासिन्दा सरसामान किन्न तिब्बती बजार स्याक पुगे । त्यही टोलीमा हुनुहुन्थ्यो छेकम गाउँका दोर्जे लामा।

त्यहाँ उहाँले तिब्बती गाउँबस्तीका बासिन्दाको दिनचर्या नियाल्नुभयो । सबैजना यातायातका साधन प्रयोग गरेको देखेर उहाँ प्रभावित हुनुहुभयो । 'तिब्बत जाँदा त्यहाँ मान्छेहरू घाँस काट्न जान परे पनि, गोठमा जाँदा पनि, बाहिर फेर जताततै हिँड्दा पनि बाइक वा स्कुटर चलाएर हिँडेको देखेँ । उताको जमिन र हाम्रो छेकम्पारको जमिन उस्तै त हो, डाँडाकाँडा, भिर पखेरा । यता पनि कसो नचल्ला त भनेर विचार गरेँ, दोर्जे भन्नुहुन्छ, 'पसलमा गएर भाउ सोधेको एक लाखमा बिजुलीबाट चार्ज गर्न मिल्ने स्कुटर आउँदो रहेछ । अनि जसो होला होला, विचार गर्नुपर्‍यो भनेर एउटा किनेर ल्याएको हुँ ।'

स्याकसम्म सडक भए पनि छेकम्पारसम्म स्कुटर ल्याउन सडक थिएन । न त उहाँलाई स्कुटर चलाउने सीप नै थियो । मान्छे, खच्चड, याक, चौँरी मात्र जसोतसो हिँड्न मिल्ने बाटोमा स्कुटर ल्याउन पनि उहाँले धेरै नै मेहनत गर्नुपर्‍यो। 'उता (तिब्बत)बाट आउँदा उकालोमा हामी चार-पाँच जनाले बोक्यौँ, सजिलो बाटोमा कतै डोहोर्‍याउँदै, कतै एकजना चढ्ने, अरूले समात्ने गर्दै ल्याइपुर्‍यायौँ', उहाँले भन्नुभयो, 'ल्याउँदा ल्याउँदै बाटोमै स्कुटर चलाउन जान्ने भइयो।'

हिमालपारि छेकम्पारमा यसरी स्कुटरमा सवार भएको देख्दा स्थानीवासी पनि प्रभावित छन् । 'अहिले त मेरो मात्रै छ । सबैजनाले हामी पनि चढ्छौँ नि भनेर मागेर हैरान पार्छन् । चलाउन जान्दैनन्। बिर्गादिन्छन् झैँ लाग्छ', दोर्जे भन्नुहुन्छ "अब आउँदो साल त अरूले पनि स्कुटर किन्ने भनेका छन् । अब गाउँमा सिँडी नबनाउने बरू स्कुटर चढ्ने सडक बनाउने निर्णय भइसक्यो ।"



स्कुटर चलाउने लामा पहिलो व्यक्ति हुनुभएको छ । अचेल उहाँ स्कुटर हाकेर गाउँघर डुल्ने गर्नुहुन्छ । सडक सञ्जालले नछोएको र अझै दशौँ वर्ष सडक पुग्ने कल्पना नगरिएको चुमनुब्री-७ छेकम्पारको साँघुरो गल्लीमा दोर्जे चीनबाट ल्याएको स्कुटर हाँकेर हिँड्ने गर्नुहुन्छ ।

घोडा चढेर गाउँघर, वनजङ्गल आवतजावत गर्ने छेकम्पारबासीकाबीच दोर्जे विद्युतीय स्कुटरमा सवार भएको देख्दा ...

छेकम्पारकै लामा गाउँका पासाङ फुन्जो लामाले भने विगत एक दशकअघि गाउँमा ट्र्याक्टर भित्र्याउनु भएको थियो । लामा चुमनुब्री-७ का निवर्तमान वडाअध्यक्ष पनि हुनुहुन्छ । सडकले नछोएको छेकम्पारमा लामाले भूकम्पपछि २०७२ सालमा रू १८ लाख पर्ने ट्र्याक्टर रू ३४ लाख भाडा तिरेर हेलिकाप्टरमार्फत गाउँमा ल्याउनुभएको थियो । ट्र्याक्टरका लागि आवश्यक पर्ने इन्धन भने उहाँले आरूघाटको आर्खेतबाट खच्चडमार्फत ल्याउने गर्नुहुन्छ ।

पासाङको ट्र्याक्टरमा निर्माण सामग्री ढुवानी गरी लामा गाउँमा गुम्बा र विद्यालय निर्माण भएका छन्। ट्र्याक्टर भने स्थानीय साम्डु लामाले चलाउने गरेका छन् । ट्र्याक्टर छेकम्पारको उकालोओरालोमा सजिलै आवतजावत गर्ने गरेको पासाङको भनाइ छ । उहाँ भन्नुहुन्छ, "यसबाट खासै आम्दानी त हुँदैन तर यहाँ पूर्वाधार निर्माणका काममा निकै सजिलो भएको छ ।" छेकम्पारसम्म सडक आउला र नजिकका गाउँबस्तीमा पनि सजिलै ट्र्याक्टरमा सामान ढुवानी गर्न पाउँला भन्ने अपेक्षा पासाङफुन्जोलगायत सम्पूर्ण छेकम्पारवासीको छ । रासस

# मुग्लिन-आँबुखैरेनीको समानान्तर सडक रेखाङ्कन स्वीकृत

**भञ्ज्याङ समाचारदाता/डुम्रे**

गण्डकी प्रदेशको मुख्य प्रवेशद्वार पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तारको काम भइरहेको छ । मुग्लिन-पोखराको पूर्वीखण्डअन्तर्गत आँबुखैरेनी-मुग्लिन खण्डमा समानान्तर सडक निर्माणका लागि रेखाङ्कन स्वीकृत भएको हो ।

सरकारले मुग्लिन-पोखरा सडकअन्तर्गत आँबुखैरेनी-मुग्लिन खण्डमा त्रिशूली नदीको पारिपट्टी समानान्तर नयाँ सडक खोल्ने स्वीकृति दिएको आयोजना निर्देशनालयका आयोजना निर्देशक चुडाराज ढकालले जानकारी दिनुभयो। "मुग्लिनबाट आँबुखैरेनीसम्म हालको राजमार्गको आधारमा समानान्तर सडक बन्ने भएको हो। मुग्लिन बजारको पारिपट्टी त्रिशूली किनारमा गोर्खातर्फ सडकको हुन्छ ।" एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा गोर्खातर्फ करिब पाँच किमी सडक निर्माण हुनेछ । मर्स्याङ्दी वारिपारि दुई-दुई लेनका सडक निर्माण हुनेछन्। "यो मुग्लिन-पोखरा सडकखण्डको एक खण्ड हो । आँबुखैरेनीबाट पोखरासम्म अहिले धमाधम सडक विस्तारको काम भइरहेको छ", निर्देशक ढकालले भन्नुभयो ।

आयोजनाका अनुसार अहिले सञ्चालन भइरहेको मुग्लिन-आँबुखैरेनी सडकलाई स्तरोन्नति गरी एक लेन (एकतर्फी) बनाइनेछ। मर्स्याङ्दी पारि भने दुई लेन एकतर्फी बाटो बनाइने आयोजना कार्यालयले जनाएको छ । त्रिशूली नदी र मर्स्याङ्दी नदी गरी दुई स्थानमा बन्ने पुलले यो आयोजनालाई जोड्ने ढकालले जानकारी दिनुभयो । यो आयोजनाले गोर्खाको सहिदलखन गाउँपालिकालाई पनि छुनेछ। निर्देशक



ढकालका अनुसार आयोजनाको कूल लागत रू तीन अर्ब ९७ करोड ४७ लाख २१ हजार रहेको छ । पृथ्वीराजमार्गमा रहेको मर्स्याङ्दी जलविद्युत् आयोजनाको कम्पोनेन्टका कारण साविकको सडक विस्तार गर्न सम्भव नभएपछि यो आयोजनाका लागि मर्स्याङ्दी पारी नयाँ लेन बनाउन लागिएको आयोजनाले जनाएको छ ।

रेखाङ्कन गरिएको सूचना राजपत्रमा प्रकाशित भइसकेको छ", उहाँले भन्नुभयो ।

मुग्लिन बजारको पारिपट्टी गोर्खातर्फका त्रिशूली किनारबाट मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत् गृहको पारिपट्टीसम्म नयाँ सडकको रेखाङ्कन गरी उक्त सडकको केन्द्ररेखाबाट दायाँबायाँ दुवैतिर १५-१५ मिटरका लागि सडकको सीमा तोक्ने निर्णय गरिएको छ", निर्देशक ढकालले भन्नुभयो । मुग्लिन र मर्स्याङ्दी विद्युत् गृह कटेसँगै पुल निर्माण हुने उहाँको भनाइ छ ।

अहिले भइरहेको सडकलाई विस्तार गर्न प्राविधिक समस्या रहेकाले मर्स्याङ्दी र त्रिशूली नदीमाथि दुई वटा पुल निर्माण गर्न लागिएको उहाँले बताउनुभयो। "मुग्लिन-आँबुखैरेनी सडकखण्ड अन्तर्गत कूल नौ दशमलव ३८४ किलोमिटरमध्ये मर्स्याङ्दी नदी पारि चार दशमलव ४५६ किमी नयाँ सडक निर्माण हुनेछ", ढकालले भन्नुभयो, "सडक निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन पूरा गरिसकिएको छ। यो आयोजनाको सुरूवात मुग्लिनस्थित नारायणगढ चोकमा पर्छ । यहाँबाट सुरू भई तनहुँको आँबुखैरेनीमा पुगेर सम्पन्न

साविकको सडकमा अस्तव्यस्त भिरालो जमिन हुनुका साथै गोर्खातर्फको भागमा सडक बनाउँदा जलविद्युत् आयोजनाका कुनै पनि भागमा क्षति नहुने भएकाले नयाँ सडक बनाउन लागिएको आयोजनाको भनाइ छ । यसले गोर्खातर्फको ग्रामीण बस्तीलाई सहरमा परिणत गर्ने र त्यसले यातायात सुविधा, स्थानीय बजार-पसल र लघु उद्यममा सहयोग पुग्ने आयोजनाको प्रतिवेदनमा उल्लेख छ।

मुग्लिनमा त्रिशूली नदीमाथि १२० मिटर लामो पुल र मर्स्याङ्दी नदीमाथि १२५ मिटर लामो पुलले साविकको मुग्लिङबाट आँबुखैरेनी सडकलाई जोड्नेछ । सरकारले विसं २०७५ मर्स्याङ्दी नदीको बायाँ किनारमा दुई लेनको सडक निर्माणको रेखाङ्कन स्वीकृत गरेको थियो । रासस

## कांग्रेसलाई युवापुस्ताले .....

गर्ने, संसद्लाई केबल सरकार बनाउने संख्याको रूपमा मात्र नभइ नीति निर्माता र निगरानीकर्ताका रूपमा सबल, प्रभावकारी र सशक्त बनाइने सङ्कल्प लिइएको छ ।

निर्वाचन खर्चलाई पारदर्शी बनाउन प्राप्त मतभारका आधारमा राजनीतिक दललाई राज्य कोषमार्फत अनुदान उपलब्ध गराउने, दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने व्यवस्था लागू गरिने, 'नो भोट'को कानुनी सुश्चितता र विदेशमा रहेका नेपालीको मतदानको अधिकारलाई सुनिश्चित गरिनेछ ।

महामन्त्री थापाको प्रस्तावमा देशको प्रमुख कार्यकारी (प्रधानमन्त्री)को दुई कार्यकाल मात्रै हुने, राज्य संयन्त्रको गैरदलीयकरण र संस्थागत सुधार, प्रियतावादको चुनौती सामना गर्दै उदार लोकतन्त्रको रक्षा, राष्ट्रहित तथा राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिइनेलगायत सङ्कल्प गरिएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।

## माघ्या सकराटी पर्व: मगर ......

आधुनिक स्वरूपसँगै केही मौलिक अभ्यासहरु कमजोर हुँदै गएको चिन्ता पनि देखिन्छ। त्यसैले माघ्या सकराटीलाई केवल उत्सवका रूपमा मात्र होइन, यसको मूल दर्शन, पितृ सम्मान र प्रकृति-केन्द्रित मूल्यलाई संरक्षण गर्दै अगाडि बढाउनु अत्यावश्यक देखिन्छ।

**८. निष्कर्ष**

माघ्या सकराटी पर्व मगर समुदायको सांस्कृतिक पहिचान, सामाजिक एकता र ऐतिहासिक चेतनाको सशक्त आधारका रूपमा स्थापित रहेको छ। यस पर्वले समयचक्र, प्रकृति, पितृ, समाज र अर्थतन्त्रलाई एउटै सांस्कृतिक सूत्रमा बाँध्दछ। आधुनिक परिवर्तन र वैश्वीकरणका बीच पनि माघ्या सकराटीले बोकेको मौलिक दर्शन र मूल्य संरक्षण गर्न सकेमा यो पर्व भावी पुस्ताका लागि जीवनदर्शन, सामाजिक चेतना र सांस्कृतिक निरन्तरताको महत्वपूर्ण स्रोत बन्नेछ।

*(लेखक नेपाल मगर लेखक संघ गण्डकी प्रदेशका अध्यक्ष हुन)*

सन्दर्भ (References)

- गुरूङ, हर्क. (२०६८)नेपालका आदिवासी जनजाति काठमाडौं: हिमाल बुक्स ।
- भट्टचन, कृष्ण (२०६५) आदिवासी संस्कृति र पहिचान काठमाडौं: समाज अध्ययन केन्द्र ।
- मगर, टेक बहादुर. (२०७२). मगर समुदाय : इतिहास र संस्कृति. पोखरा।
-Chemjong, I.S. (१९६६). History and Culture of Kirat People ( Darjeeling)
- Bista, D.B. (1991) Fatalism and Development. Calcutta: Orient Longman.

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

माघ ०२ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

माघ 03 गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ट **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**महोत्वसमा व्यापार** : तनहुँको दमौलीमा जारी छैठौ आदिवासी जनजाति तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सवस्थलमा रहेका व्यापारिक स्टलमा दर्शकहरू । माघ ५ गतेसम्म सञ्चालन हुने महोत्सवमा चिसो मौसममा प्रयोग हुने कपडा तथा अन्य वस्तुको खरिदबिक्री हुँदै आएको छ । *तस्विर : भञ्ज्याङ*

# गण्डकीमा महिला मतदाता धेरै

**भञ्ज्याङ समाचारदाता/गण्डकी**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका गण्डकी प्रदेशमा कुल १८ लाख ७० हजार ६५ मतदाता कायम भएका छन् । जसमा महिला मतदाताको संख्या नौ लाख ५५ हजार ५१६ छभने पुरूषको मतदाताको सङ्ख्या नौ लाख १४ हजार ५३५ रहेको छ । पुरुष मतदाताभन्दा महिला मतदाताको सङ्ख्या ४० हजार ९८१ ले बढी रहेको प्रदेश निर्वाचन कार्यालय, पोखराले जनाएको छ ।

जिल्लागत रूपमा गोरखाबाहेक प्रदेशका १० वटै जिल्लामा महिला मतदाताको सङ्ख्या बढी रहेको कार्यालयका सूचना अधिकारी रूद्रप्रसाद न्यौपानेले बताउनुभयो। गोरखामा एक लाख १४ हजार ८३७ पुरूष र एक लाख १४ हजार २२० महिला मतदाता कायम भएका छन् । मनाङमा तीन हजार ३७७ पुरूष र तीन हजार ६२३ महिला मतदाता छन् । लमजुङमा ६७ हजार छ सय पुरूष र ६९ हजार ५२४ महिला, कास्कीमा एक लाख ४८ हजार ५१५ पुरूष र एक लाख ६० हजार ११५ महिला मतदाता छन् ।

यस्तै तनहुँमा एक लाख २३ हजार ४९१ पुरूष र एक लाख ३० हजार ९०६ महिला, स्याङ्जामा एक लाख २२ हजार ४६४ पुरूष र एक लाख २६ हजार ३५१ महिला मतदाता रहेका छन् । नवलपुरमा पुरूष मतदाताको संख्या एक लाख २९ हजार ५४ छभने महिला मतदाताको संख्या एक लाख ३९ हजार ४६८ छ । मुस्ताङमा पाँच हजार ५५९ पुरूष मतदाता, महिला पाँच हजार ७६८, म्याग्दीमा ४२ हजार ३०२ पुरूष र ४४ हजार ६४ महिला मतदाता रहेका छन् ।

बागलुङमा ९४ हजार ८०६ पुरूष मतदाता छन्भने महिला मतदाताको संख्या ९८ हजार ५७४ रहेको छ । पर्वतमा ६२ हजार छ सय पुरूष र ६२ हजार ८६५ महिला मतदाता कायम भएका छन् । महिला र पुरूषबाहेक अन्य मतदाताको सङ्ख्या १४ रहेको सूचना अधिकारी न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन् । सबैभन्दा कम मनाङमा मतदाता संख्या जम्मा सात हजार छ ।

निर्वाचनका लागि प्रदेशका ११ वटै जिल्लामा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। गोरखामा २२५, स्याङ्जामा १९९, कास्कीमा १५३, तनहुँमा १४४, लमजुङमा १३०, नवलपुरमा ११४, बागलुङमा १०७, म्याग्दीमा ८२, पर्वतमा ७६, मुस्ताङमा ३९ र मनाङमा २८ मतदानस्थल रहेका छन् ।

# तनहुँको शुक्लागण्डकीमा मृत भेटिएका तीन मध्य दुई जनाको सनाखत

**भञ्ज्याङ समाचारदाता/दमौली**

गत शनिबार तनहुँको शुक्लागण्डकी नगरपालिका–५ कसेरीस्थित फोहरमैला प्रशोधन केन्द्र नजिक मृत अवस्थामा भेटिएका तीन जनामध्ये दुई जनाको सनाखत भएको तनहुँ प्रहरीले जनाएको छ।

मृत अवस्थामा भेटिएका तीन जनामध्ये दुई जनाको सनाखत गरी शव परीक्षणपश्चात् आफन्तले शव बुझेको र एक जनाको अझै सनाखन हुन नसकेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । मृत भेटिएका शुक्लागण्डकी नगरपालिका–११ बस्ने ४१ वर्षीय नारायण विक शनिबार र भिमाद नगरपालिका–८ भागर बस्ने ५८ वर्षीया देउमाया थापाको आइतबार सनाखत भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिए ।

तीन जनाको नै हत्या भएको प्रहरीको आशंका छ । घटनासम्बन्धमा थप अनुसन्धान भइरहेको उनले जानकारी गराए।

तनहुँको शुक्लागण्डकी नगरपालिकामा शनिबार विभत्स रूपमा हत्या गरिएको अवस्थामा तीन शव भेटिएका थिए । शुक्लागण्डकी नगरपालिका–५ स्थित कसेरीमा दुई पुरूष र करिब सात सय मिटरको दुरीमा एक महिलाको शव भेटिएको थियो ।

जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार कसेरीघाटमा निर्माणाधिन फोहोरमैला प्रशोधन केन्द्रको कम्पाउण्ड बाहिर दुई जना पुरूष र सो घटनास्थलको केही पर एक महिलाको शव भेटिएको थियो।

उक्त घटनामा फोहोरमैला प्रशोधन केन्द्रमा गार्डका रूपमा काम गर्दै आएका नारायण विकाको शनिबारै सनाखत भएको थियो ।

यस्तै, महिलाको शवको आइतबार सनाखत भएको ती महिलासंगै बस्दै आएको भनिएका एक पुरूषको भने सनाखत हुन नसकेको प्रहरी जनाएको छ । उनिहरू श्रीमान श्रीमती रहेको र प्रशोधन केन्द्र बाहिर टहरा बनाई संगै बस्दै आएको बताइएको छ। ती महिला पुरूषले शुक्लागण्डकी नगरपालिकाको बजार क्षेत्रबाट संकलन गरिएको फोहोरमैलाबाट कवाडी संकलन गर्ने गरेको स्थानीयले बताएका छन् ।

यस्तै, इलाका प्रहरी कार्यालय बेलचौताराका प्रमुख प्रहरी निरीक्षक धननारायण श्रेष्ठका अनुसार घटनाको प्रकृति शंकास्पद भएकाले जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्कीसहितको प्राविधिक टोली र तालिम प्राप्त कुकुर सहितको प्रहरी टोलीले स्थलगत अध्ययन अनुसन्धान अगाडि बढाएको छ ।

# तउवा संघको अधिवेशन : अध्यक्षमा सर्वसम्मत अन्यमा निर्वाचन !

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ उद्योग वाणिज्य संघको ४०औं वार्षिक साधारण सभा तथा १८औं महाधिवेशन आइतबारबाट दमौलीमा जारी छ । महाधिवेशन अन्तर्गत संघको नयाँ नेतृत्व चयनका लागि सोमबार उम्मेदवारी मनोनयन दर्ता गरिएको छ ।

निर्वाचन प्रक्रियाअन्तर्गत उम्मेदवारी मनोनयन दर्ता कार्यक्रममा अध्यक्ष पदमा इमकुमार मल्लको एकल उम्मेदवारी परेपछि सर्वसम्मत निर्वाचित हुने भएका छन् । अघिल्लो निर्वाचनमै मल्ललाई अध्यक्ष बनाउने सहमति भएको र हाल उनी संघको वरिष्ठ उपाध्यक्ष हुन्।

यस्तै, वरिष्ठ उपाध्यक्ष पदमा कुमार मल्ल र सुबोध अधिकारीको उम्मेदवारी परेको छ । भने, प्रथम उपाध्यक्ष पदका लागि दिनेशकुमार श्रेष्ठ, सुरेश पुरी र दीपक कोइरालाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ ।

द्वितीय उपाध्यक्ष पदमा प्रकाशचन्द्र हड्खले, राजकुमार श्रेष्ठ र भिमलाल श्रेष्ठको उम्मेदवारी परेको छ भने कोषाध्यक्ष पदका लागि शिवओम मल्ल, भूपाल आले मगर र महेशकुमार मल्लको उम्मेदवारी परेको छ ।

यसैगरी वस्तुगत सदस्य पदतर्फ अधिकृत विक्रेता संघ, नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा तनहुँ र तनहुँ सुनचाँदी व्यवसायी संघको उम्मेदवारी परेको छ ।


निर्वाचन प्रकिया अनुसार मंगलबारसम्म उम्मेदवारी फिर्ताको समय रहेको जनाइएको छ । उम्मेदवारी फिर्ता नभएमा बुधबार निर्वाचन पत्रियाबाट संघको नयाँ नेतृत्व चयन गरिने भएको छ ।





**Narayan Amrit**
x.com/amritna

काँग्रेस विशेष महाधिवेशनको आत्मा र मर्म धुलिसात पार्नेगरी देउवा पक्षबाट सहमतिको जुन 'डिजाइन' प्रस्ताव हुँदैछ, त्यसमा महामन्त्रीहरूले हस्ताक्षर गरे भने अब अर्को चक्रव्यूहमा महामन्त्रीहरू पर्नेछन्। मिति गुज्रेको केन्द्रीय समिति भंग गरेर अर्को कोही संयोजक तोकेर रेगुलर महाधिवेशन निश्चित भएन भने उही पुरानै सित्री र उही पुरानै जालमा विषय फस्नेछ । ६० प्रतिशत भन्दा बढि प्रतिनिधीको र सारा शुभेच्छुकको अपमान हुनेछ। आगे जो मर्जी ।



**Bishnu Sapkota**
x.com/Bishnusapkota

वैधानिक रूपमा, बहुमत महाधिवेशन प्रतिनिधिले नयाँ नीति र नेतृत्व निर्वाचित गरेर अघि बढ्दा पार्टी कसरी फुटेको हुन्छ? देउवा र उनकै प्रवृत्तिका उनका भारदारहरु अबको कांग्रेसमा आएनन् भने, त्यो त झन् सुन्दर कुरा भएन र ? त्यसो हुँदा पार्टी फुटेको हुँदैन, हट्नैपर्नेहरु हटेको मात्र हुन्छ।



**Dil Nisani Magar**
x.com/dil_nisani

बालेन साहले लेखेको हो भन्दै फेक स्क्रिनसट भाइरल गराउने काम नगरौँ। हामीलाई कुनै पनि व्यक्तिको विचार, आचरण र कार्यनीति मन नपर्न सक्छ, तर मान्छे नै मन नपरेको भन्ने हुँदैन। राजनीति भन्दा ठूलो कुरा मानवता हो। खुला समाजमा सचेत आलोचना गरौ, अर्धचेत अपमान नगरौ।

# कृषक तथा उद्योगी सम्मानित

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ उद्योग वाणिज्य संघले जिल्लाका उत्कृष्ट कृषक तथा उद्योगीहरूलाई सम्मान गरेको छ। संघको ४०औं वार्षिक साधारण सभा तथा १८औं महाधिवेशनको अवसरमा जिल्लाभित्र कृषि र उद्योग क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका कृषक तथा उद्योगीलाई नगद पुरस्कारसहित सम्मान गरेको हो ।




संघले म्याग्दे गाउँपालिका–२ का किसान जागरण सुन्तला बगैंचा फर्मका सञ्चालक शुकनारायण श्रेष्ठ, व्यास नगरपालिका–१० डिहीगाउँस्थित अनन्त पोल्ट्री एण्ड मल्टी एग्रिकल्चर प्रा.लि.का सञ्चालक कालिका पौडेल, व्यास नगरपालिका–११ का लामा कृषि तथा पशु फर्मका सञ्चालक जयबहादुर लामा, आँबुखैरेनी गाउँपालिका–१ सत्रसयफाँटका दीप तारा कृषि तथा पशु फर्मका सञ्चालक तारा अधिकारी तथा व्यास नगरपालिका–५ चापाघाटका सुबोध फुड्सका सञ्चालक सुबोध वाग्लेलाई सम्मान गरेको छ ।

सम्मानित कृषक तथा उद्योगीलाई संघका अध्यक्ष बैकुण्ठनाथ मिश्र तथा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्यले दोसल्ला, सम्मानपत्र तथा नगद पुरस्कार प्रदान गर्दै संघका अध्यक्ष मिश्रले कृषि र उद्योग क्षेत्र जिल्लाको आर्थिक मेरूदण्ड भएको र मेहनती कृषक तथा उद्यमीलाई प्रोत्साहन गर्न संघले हरेक वर्ष सम्मान गर्दै आएको बताए ।

कार्यक्रममा प्रमुख अतिथि वैद्यले सम्मानित व्यक्तिहरूको योगदानको प्रशंसा गर्दै यस्ता सम्मानले उत्पादनशील क्षेत्रप्रति युवाको आकर्षण बढ्ने विश्वास व्यक्त गरे ।

# निर्वाचन प्रहरीका लागि तनहुँमा ४१६ जनाको निवेदन

**भञ्ज्याङ समाचारदाता/दमौली**

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरीमा निवेदन आव्हान गरिएको छ । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार निर्वाचन सुरक्षामा खटिन इच्छुकका लागि दर्खास्त दिने म्याद माघ १ गतेसम्म तोकिएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार पुस २७ गतेसम्म जिल्लाबाट जम्मा ४१६ जनाले आवेदन दिएका छन् । निर्वाचन सुरक्षाका लागि जिल्लामा कुल १ हजार ५७३ जनाको माग संख्या रहेको उनले जानकारी दिए।

निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित वातावरणमा सम्पन्न गर्न आवश्यक जनशक्ति व्यवस्थापनको प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। इच्छुक र योग्य व्यक्तिहरूलाई तोकिएको म्यादभित्र आवेदन दिन कार्यालयले आग्रह गरेको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४